## आव २०८०/८१ को नेपाल सरकारको नीति तथा कार्यक्रममा बालबालिका सम्बन्धी विषय

### क) बाल बचाउ तथा बाल सुरक्षा

- **बुँदा नं १३८**ः नवजात शिशु र मातृ मृत्युदर बढी भएका स्थानीय तहमा *मातृ तथा नवजात शिशु स्याहार एवम् उपचार सेवा*का लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। स्वास्थ्य संस्थाहरुमा *अटिज्म रोगको निदान र उपचार*को व्यवस्था मिलाइनेछ।
- **बुँदा नं १३९**ः सातै प्रदेशका संघीय अस्पतालहरुमा *बाँझोपन तथा निसन्तान उपचार सेवा* विस्तार गरिनेछ। प्रजनन स्वास्थ्यमा सेवामा *सबैको पहुँच* सुनिश्चित गरिनेछ।
- **बुँदा नं १४५**ः *प्रतिस्थापन तह भन्दा तलको जनसंख्या* बृद्दिदरले सामाजिक तथा आर्थिक जीवनमा पार्नसक्ने असरको आकलन र विश्लेषण गरिनेछ।
- **बुँदा नं १७३**ः ठुला प्राकृतिक प्रकोप महामारी तथा बृहत स्तरको विपद्को अवस्थामा घाइते तथा विरामी भएका आम सर्वसाधारणलाइ विशिष्टीकृत स्वास्थ्योपचार सेवा सहितको आपत्कालीन स्वास्थ्योपचार सेवा उपलब्ध गराउन *बृहत उपचार केन्द्र स्थापना*को कार्य अगाडि बढाइनेछ।

### ख) बाल संरक्षण

- **बुँदा नं ११८**ः किशोरीको आय आर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने गरी *आर्थिक सामाजिक विकासका कार्यक्रम* सञ्चालन गरिनेछ।
- **बुँदा नं ११९**ः किशोरीविरुद्द हुने *सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य* गरिनेछ। नेपाली समाजलाइ *बालविवाह तथा छाउपडीमुक्त* तुल्याइनेछ। बलात्कार, एसिड आक्रमण लगायतका हिंसापीडित तथा प्रभावित महिलाको सुरक्षाको लागि *राहत, उद्दार, पुनस्थापना, निशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श, सीप विकास तथा आयआर्जनमूलक कार्यक्रम* सञ्चालन गरिनेछ।
- **बुँदा नं १२०**ः सबैखाले *बालश्रम शोषणको अन्त्य* गरिनेछ। *बाल सुधार गृह*हरुको भौतिक पूर्वाधार तथा संस्थागत क्षमता अभिबृद्दि गरिनेछ। बालमैत्री पूर्वाधार निर्माण गर्दै लगिनेछ। अनाथ, असहाय, टुहुरा, अपांगता भएका व्यक्ति, अशक्त, बेवारिसे, हिंसापीडित तथा सडक बालबालिकाको उद्दार, संरक्षण र पुनःस्थापनाको लागि प्रदेश तथा स्थानीय तहमा *आपत्कालीन बाल उद्दार कार्यक्रम* सञ्चालन गरिनेछ।
- **बुँदा नं १२१**ः अपांगता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरणसँगै सहज र सम्मानपूर्ण जीवन सुनिश्चित गरिनेछ। सातवटै प्रदेशमा *अपांगग्राम निर्माण गर्ने नीति* लिइनेछ।
- **बुँदा नं १२३**ः मानव बेचविखन तथा ओसारपसारको जोखिममा रहेका समूह र समुदायको आर्थिक सामाजिक सशक्तीकरण गरिनेछ। सरोकारवाला निकाय तथा संघसंस्थासँगको समन्वयमा निरोधात्मक, संरक्षणात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरी *मानव बेचविखन तथा ओसारपसार नियन्त्रण* गरिनेछ। पीडित तथा प्रभावितको *उद्दार, संरक्षण, न्यायमा पहुँच र पुनःस्थापना* कार्यलाइ प्रभावकारी बनाइनेछ।

- **बुँदा नं १५६**ः सबै किसिमका *सामाजिक सुरक्षा* कार्यक्रमलाइ एकीकृत रुपमा सञ्चालन गरिनेछ।
- **बुँदा नं १५९**ः सबै वडा कार्यालयबाट *अनलाइन व्यक्तिगत घटना दर्ता* कार्यान्वयनमा ल्याइनेछ।
- **बुँदा नं १६७**ः लागु पदार्थ सेवनविरुद्द समुदायको अगुवाइमा देशैभरी *अभियान सञ्चालन* गरिनेछ।
- **बुँदा नं १८६**ः विदेशमा समस्यामा परेका नेपालीको *उद्दार, राहत, कानूनी सहायता र स्वदेशफिर्ती* सेवा प्रभावकारी तवरले उपलब्ध गराइनेछ।
- **बुँदा नं १५१**ः सरकारी र निजी प्रतिष्ठानहरुमा *अनिवार्य श्रम अडिट* गर्नुपर्ने व्यवस्था गरिनेछ।

## ग) बाल विकास

- **बुँदा नं १२५**ः विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा *ल्याउने, सिकाउने र टिकाउने* कार्यलाइ प्रोत्साहनमूलक कार्यक्रमसहित अभियानका रुपमा सञ्चालन गरिनेछ। विद्यालय तहको *पाठ्यक्रममा समसामयिक पूनरावलोकन* गरिनेछ। प्रत्येक वर्ष शैक्षिक सत्रको सुरुमै *पाठ्यपुस्तक उपलब्ध* हुने सुनिश्चित गरिनेछ।
- **बुँदा नं १२६**ः आधारभूत तहमा गुणस्तरीय शिक्षामा पहुँच बृद्दि गर्न दलित, अल्पसंख्यक, लोपोन्मुख, पिछडिएको क्षेत्र, दुर्गम तथा हिमाली क्षेत्र र आर्थिक रुपले विपन्न तथा अपांगता भएका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। *विपन्न लक्षित छात्रवृत्ति*लाइ विस्तार गरिनेछ। *दिवा खाजा कार्यक्रम*लाइ क्रमशः विस्तार गर्दै लगिनेछ।
- **बुँदा नं १३२**ः व्यक्तिको शारीरिक, मानसिक र बौद्दिक विकासमा सहयोग पुर्याउन *योग र ध्यान* विषयलाइ विद्यालय तहको पाठ्यक्रममा समावेश गरी पठनपाठनको व्यवस्था मिलाइनेछ।
- **बुँदा नं १४७**ः हरेक विद्यालयमा *खेल शिक्षक*को व्यवस्था गरिनेछ। वार्षिक खेलकुद क्यालेण्डर तयार गरी *अन्तरपालिका तथा प्रदेशस्तरीय प्रतियोगिता*को आयोजना गरिनेछ।

## घ) अन्तरसम्बन्धित विषयहरु

- **बुँदा नं १२**ः तीनै तहका सरकारबीच *कार्यात्मक अन्तरसम्बन्ध* सुदृढ गरी काममा दोहोरोपना अन्त्य गरिनेछ।
- **बुँदा नं १३**ः राष्ट्रिय प्रतिवद्दता पूरा गर्ने कार्यक्रममा *तीनै तहका सरकारको अपनत्व* कायम गरिनेछ। राष्ट्रिय प्राथमिकताका विषयहरु प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने नीतिगत र कानूनी व्यवस्था गरिनेछ।
- **बुँदा नं १९**ः तीनै तहका सरकारका नीति योजना तथा कार्यक्रमबीच अन्तरसम्बन्ध तथा उत्तरदायित्व कायम हुने गरी *योजना तथा बजेट प्रणालीलाइ सुदृढ र नतिजामुखी* तुल्याइनेछ।

- **बुँदा नं २५**ः दीगो विकास लक्ष्य हासिल गर्नेगरी सबै *विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रमबीच अन्तर आवद्धता* कायम गरिनेछ। दिगो विकास लक्ष्यलाइ सबै तहमा *आन्तरिकीकरण र स्थानीयकरण* गरिनेछ।

आत्माराम थापा
सचिवालय प्रमुख
बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान